# महिला सहयात्रा माइक्रोफाइनान्स वित्तिय संस्था लि. होलेरी, रोल्पा

## विमला बुढा मगर, भ्रेनाम, १ प्यूठानीटोल, रोल्पा



भेनाम गा.वि.स. वर्डा नं १ प्यूठानीटोल अवस्थित फुलवारी महिला सहयात्रा केन्द्र नं. १६ उक्त केन्द्रका केन्द्र प्रमुख पनि आफै छिन् । घरको खर्चमा कुनै पनि व्यवसायिक रुपमा अरु आम्दानि नभएको कारण उनी आज भन्दा २ वर्ष अगाडि यस महिला सहयात्रामा आइपुगिन् उनी भन्दछिन् :म यस महिला सहयात्रामा लाग्नको धेरै सँघर्ष गर म जस्ता धेरै महिलाहरुलाई सम्झाउदै जादाँ शुरुमा १० जना महिला भएर एक समुह निर्माण गऱ्यौ र ऋिण लिएर आफ्नो व्यवसाय तिर लाग्यौं । अहिले आएर सवै महिलाहरुको ड्रेस र अनिवार्य १०० देखि माथि तिर व्यक्तिगत बचत मासिक रुपमा पनि उठाउदै आइरहेका छौं । आज यहि महिला सहयात्राले मलाई बाखा पालनमा धेरै सहयोत्रग गरेको छ । विमला सँग करिब ४० वटा बाखा रहेका छन् उनीले मासिक रुपमा १५ देखि २५ हजाररुपैया सम्म आम्दानि गर्दछिन् । अन्त्यमा गरिव तथा विपन्न वर्गका महिलाहरुलाई यस महिला सहयात्राले साथ दिएको र म मात्रै नभएर नेपाल भरि छरिएर बसेका विशेष गरी दुर्गम क्षेत्रका महिलाहरुको मर्म , कथा व्यथा सम्हालेको यस महिला सहयात्रालाई विशेष धन्यवाद दिन चाहनुहुन्छ ।

विमला बुढा मगर होलेरी, रोल्पा

## कमला बस्नेत, होलेरी, रोल्पा



डुव्रिङ १ होलेरी स्थित गढीलेख महिला सहयात्रा केन्द्र नं. ४४ उहाँ पनि केन्द्र उपप्रमुख भएर आफ्नो लगनशिलता , तथा दायित्व निभाउनु भएको छ । उहाँले होलेरी बजारमा ताजाताजा फलफुल तथा चिया नास्ताको लागि सानो व्यवसाय मुलक एक पसल थापेर दैनिकि उपार्जन गर्दै आउनु भएको छ । उहाँ श्रीमान तथा एक छोरा साथैमा सँगै भएर एक साथ व्यवसाय गर्दै आउनुभएको छ । उहाँ महिला सहयात्रमा आवद्ध सदस्य मध्ये कमला बस्नेत पनि एक सदस्य हुनुहुन्छ । आज भन्दा करिब ८ वर्ष देखि आफ्नो चिया ,नास्ता पसल गर्दै आउनुभएकी कमला बस्नेत महिला सहयात्रा मा समावेश भए देखि उहाँले शुरुमा ५० हजार कर्जा लिएर फलफुल व्यवसायतिर लाग्नु भयो तर आज उहाँको पसलमा ताजाताजा फलफुल विभिन्न खालका फलफुल ,सिजन भन्दा बेमौसमी फलफुल पनि अत्याधिक मात्रमा राखेर आफ्नो व्यवसाय फस्टाउनु भएको छ । यस महिला सहयात्रमा समावेश भए देखि उहाँले धेरै प्रगति गरेर उहाँ आज धेरै खुसी हुनुहुन्छ । आफु मात्रै नभएर अरु महिलाहरुलाई आफु लागेको महिला सहयात्राको जानकारी र आफु लागि परेको काम बारे बताउनु हुन्छ । आफ्नो आत्मविश्वास र लगनशिलले गर्दा यति फलफुल व्यवसाय गर्न सकेकोमा कमला बस्नेत खुसी नै देखिनु हुन्छ ।

**तयार पार्ने : कोमल बुढाथोकी** **प्रमाणित गर्ने : गिरिधर शाही**